विशेष अदालत

# प्रेस विज्ञप्ति

विशेष अदालतबाट आज मिति २०८० साल मङ्सिर २७ गते दिउसो १:३० बजे विशेष अदालतका माननीय न्यायाधीश तथा सेवाग्राहीका बिचमा भेटघाट (**MEET THE JUDGE**) कार्यक्रम सम्पन्न भएको छ। यस अदालतको वार्षिक कार्ययोजनाबमोजिम सेवाग्राही र न्यायाधीशका बिचमा भेटघाट तथा अन्तरक्रिया भएको हो।

कार्यक्रममा सेवाग्राहीहरू सुनिल न्यौपाने, मोहम्मद दाउत, टीकाराम ज्ञवाली, जीवन कुँवर, पुष्पराज सिग्देल, शिवजी प्रसाद रायलगायतले विशेष अदालतबाट प्रवाह भएको सेवा प्रभावकारी रहेको र आगामी दिनमा थप प्रभावकारी बनाउन तथा पक्षको सहजताको लागि मुद्दाको फछ्र्यौट छिटो छरितो हुनुपर्ने बताउनुभयो।

विशेष अदालतका माननीय न्यायाधीशहरू, रजिस्ट्रार, उपरजिस्ट्रार, मुद्दा शाखाका सुपरीवेक्षक तथा अन्य कर्मचारीहरू समेतको सहभागितामा भएको उक्त कार्यक्रममा विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री टेकनारायण कुँवर तथा सदस्य माननीय न्यायाधीशज्यूहरूले सेवाग्राहीले राखेका जिज्ञासाको जवाफ दिनुहुँदै सेवा प्रवाहमा सेवाग्राहीका सुझावसमेतलाई सुधारको मार्गचित्रमा राख्न सकिने बताउनु भयो। न्यायमा सबैको पहुँच स्थापित गराउन र भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउन विशेष अदालत लागि रहेको उहाँहरूको भनाई थियो। विशेष अदालतबाट प्रदान गरिने सेवा प्रवाहमा कुनै समस्या भएमा लिखित वा मौखिक रुपमा समेत गुनासाहरू राख्न सकिने र ती गुनासाहरू सम्बोधन गरिने बताउनुभयो। उहाँहरूले अदालतका काम कारवाहीलाई थप प्रभावकारी, पारदर्शी र व्यवस्थित बनाउन सेवाग्राहीको महत्वपूर्ण भूमिका रहने कुरा उल्लेख गर्दै सहभागिता र सुझावका लागि सेवाग्राहीलाई धन्यवाद ज्ञापन गर्नुभयो।

मितिः २०८०।०८।२७

धनबहादुर कार्की
उपरजिस्ट्रार/सूचना अधिकारी


विशेष अदालत
काठमाडौं ।
न्यायाधीशसँग सेवाग्राही भेटघाट
(MEET THE JUDGE) कार्यक्रम
मिति : २०८०।०८।२७
विशेष अदालत काठमाडौं
SOON


न्यायाधीशसँग सेवाग्राही भेटघाट
(MEET THE JUDGE) कार्यक्रम
मिति : २०८०।०८।२७
SOON


SOON


SOON


न्यायाधीशसँग सेवाग्राही भेटघाट
(MEET THE JUDGE) कार्यक्रम
मिति : २०८०।०८।२७
SOON


न्यायाधीशसँग सेवाग्राही भेटघाट
(MEET THE JUDGE) कार्यक्रम
मिति : २०८०।०८।२७